# खसानी भाषिका र त्यसमा मगर पाङको प्रभाव

*लालमणि पोखेल**

**सार**

*खसानी नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गतका भेरी र राप्ती अञ्चलका क्रमशः जाजरकोट, दैलेख, सुर्खेत, रोल्पा, रुकुम, सल्यान, दाङ, प्यूठान र त्यस आसपासका क्षेत्रमा बोलिने गर्दछ। पूर्वेली भाषिकाअन्तर्गत पर्ने यस उपभाषिकाका आफ्नै मौलिक पहिचान तथा विशेषता छन् जसका बारेमा नेपाली भाषाविद्हरूले अध्ययन गरेका छन् । नेपालमा प्रयुक्त नेपाली भाषाका सम्पूर्ण क्षेत्रीय भाषिकाहरूको अध्ययन गरिए पनि देशभित्र बोलिने विविध भाषाले नेपाली तथा यसका भाषिकालाई केकस्तो प्रभाव पारेका छन् भन्ने विषयमा खासै अध्ययन हुन सकेका छैनन् । प्रस्तुत अध्ययनमा खसानी भाषिका (मुख्य प्रयोग क्षेत्र रोल्पा, प्यूठान र दाङ) लाई उक्त क्षेत्रमा बोलिने मगर पाङले केकस्तो प्रभाव पारेको छ भनी अध्ययन गर्ने प्रयत्न गरिएको छ । क्षेत्रीय अध्ययन पद्धति अवलम्बन गरी गरिएको प्रस्तुत अध्ययन कार्यमा मुख्यतः रोल्पा, दाङ र प्यूठान जिल्लाका विभिन्न स्थानहरू छनौट गरी उक्त स्थलमा बोलिने नेपाली सामाजिक भाषिकाको मौलिक स्वरूप पहिचान गर्ने र तत्तत् क्षेत्रमा बसोबास गर्ने मानिसहरूको भाषामा मगर पाङले के कस्तो प्रभाव पारेको छ भनी हेर्ने प्रयत्न गरिएको छ । प्रस्तुत अध्ययन कार्यबाट खसानी भाषिकामा मगर पाङले पारेको प्रभावका सम्बन्धमा जानकारी राख्न चाहने विद्वत्वर्ग लाभान्वित हुनेछन् भन्ने उद्देश्य राखिएको छ ।*

***मुख्य शब्दावली***: *मानक, जनजिब्रो, मगर पाङ, खसानी, क्षेत्रीय र सामाजिक भाषिका ।*

## विषय प्रवेश

नेपाली भाषाका भाषिकाका सम्बन्धमा बालकृष्ण पोखरेलद्वारा गरिएका प्रयासहरूलाई हालसम्मकै उपलब्धिपूर्ण कार्य मानिएको छ । उनले नेपाली भाषिकालाई मोटामोटी रूपमा पाँच वर्ग (पूर्वेली, माझाली, ओरपश्चिमा, मझपच्छिमा एवं परपच्छिमा (पोखरेल, २०५०: ४५) मा विभाजन गरेका छन् । उनले यी पाँच वर्गमध्ये पूर्वेली भाषिकालाई अत्यन्तै समृद्ध भाषिका मात्र नभएर ठूलो भूगोलमा फैलिएको भाषिकाका रूपमा प्रस्तुत गरेका छन् । उनको यस वर्गीकरणअनुसार पूर्वेली वर्गमा वर्गीकृत भाषिकाहरू पश्चिम दैलेखदेखि लिएर पूर्वमा भुटान, आसाम, बर्मासम्म बोलिने गर्दछ । प्रस्तुत पूर्वेली वर्गलाई उनले खसानी, पर्वती र गोर्खाली गरी तीन उपवर्गमा विभाजन गरेका छन् । तीमध्ये खसानी उपवर्गको भाषिका राप्ती अञ्चलका रुकुम, रोल्पा, सल्यान, दाङ अनि भेरी अञ्चलका जाजरकोट, दैलेख र सुर्खेत जिल्लामा बोलिने गर्दछ ।

---

**गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस*

*इमेलः lm1pkrl@gmail.com*

ISSN: 2392-4519 (Print)

प्रस्तुत अनुसन्धानमा बालकृष्ण पोखरेलले निर्धारण गरेको खसानी उपभेदको भाषिकाका सम्बन्धमा अध्ययन गर्ने प्रयत्न भएको छ। यसमा मुख्यतः राप्ती अञ्चलका रोल्पा, प्यूठान र दाङ जिल्लाका निर्धारित क्षेत्रहरूका भाषिकाको अध्ययन गरिएको छ। त्यस्तै यस अध्ययन कार्यमा निर्धारित क्षेत्रमा बसोबास गर्ने विविध जातजातिले प्रयोग गर्ने नेपाली सामाजिक भाषिकाको अध्ययन गरिएको छ। मुलतः रोल्पा जिल्लाका लिवाङ, घोडागाँउ, मैरी, सुलिचौर, खुङ्ग्री, प्यूठान जिल्लाका क्रमशः धनबाङ, भिङ्ग्री, सारी, बेलबास, तापा, सोत्रे, गोठीबाङ, खैरा र दाङका भालुबाङ, लमही, घोराही, बिजौरी आदि क्षेत्रको चयन गरी गरिएको यस अध्ययन कार्यमा प्रस्तुत इलाकाको सामाजिक भाषिका तथा त्यसमा मगर पाङको प्रभावलाई हेरिएको छ।

उल्लिखित इलाकामा पठित बाहुन, क्षेत्री, मगर तथा अन्य अपठित जातजातिका ग्रामीण वक्ताहरू कस्तो रूपमा बोल्दछन् सो को झलक अनुच्छेद तथा संवादका रूपमा क्रमशः तल प्रस्तुत गरिएको छ।

**स्रोत सामग्रीहरू**

**क) एक ग्रामीण महिला कसैसँग आफ्नो दुखेसो पोख्दै**

के गर्ने टो यस्को बा घर छैनन्। परार साल डसै मानिकिन गाका होन, ऐलेसम्म चिठी नि पठाक्छैनन् का छन् भन्ने ठा पनि छैन बो। यो भन्डा पैला बुनि पाँच सालको बल्ल आइठे। का जान्च के गर्च मटा केई पुनि बुझ्नँ। तीन भाना केराटी छ यिन्लै के गरी पराने हो। ठूल्छोरी आठ्टी पड्डापड्डै पुइल गैगो। सान्छोरी पाँचटी परच। छोरा बुनि अइले बल्ल दुइटी गाक्छ। अलि अलि आँखा देखाइडिन पा अल्लि सैलो हुन्टो क्यो। हुनटा परेर नि जागिर पाइन्नन् बो। आखिर लाहुर नगै हुन्नन्। असौ गेहू पनि राम्रो छैनन्। मकै पनि त्यटि राम्रो फलिन। खेटसेट छैन बो। बेसा खाइकिन हैरान भाक्छ। अइलेसम्म टा खोतोसोतो बोकिकिन, ज्यालामजडुरी गरिकन चलेक्छ। यिनुर्को वरापरि, किटाब-सिटाब किन्ने पैसा अर्काको न ज्यालामजडुरी गरिकिन चलाक्छु। बिडा हुडारि यिनले नि काम गर्न जान्च। यि हाम्ले घरमा भैंसी पालेक्छैनम् बो। दुइता गाई छ। छ सातता कति कुखरा पनि पालेक्छम्। यसको बा भटाजू जा गव हुई हरान्च। भटाजुले पैसा नि पठान्न। अर्की राखेक्होला र। हे बुनि जार खाइर लरेर हैरान पार्टो। एक मन ता ढुक्क नि भाक्छ। फिरि कैले काइटा निक्कै पिर पर्च। केराटी के गरी पराने हो। सड्डै बेसा खान पर्च। के गर्ने भगवान्ले चाडान जे लेख्डेक्छन् त्यो नभोगिर का हुन्टो र।

स्रोतः क्षेत्रीय अध्ययन, धौलाबाङ, रोल्पा।

**ख) एउटी गोठाल्नी युवती रिसाएर कुनै युवकलाई गाली गर्दै आफ्नी सँगीसँग**

ओ को होने केता हो। तिम्ले चिनेक्छौ साइली। निकै चरेको रैच। ओ होनेले हिजो नि जिस्कान्ठो आज नि जिस्काइराक्छ। सल्ले हो कि हाम्जा कटाको हो रे। वनवनै पछि लाइकिन हैरान पारेक्छ। मलाई के के भनिकिन फकाइराक्छ। जाथालाई चप्पल ठुटिकिन हिर्कान्चु अनि स्वाड भेत्ला। भुलि आवस्टो मुजीलै लौरैलौराले बजाइडिन्छु अनि ठापाला।

स्रोतः क्षेत्रीय अध्ययन, दहवन, प्यूठान।

**ग) साली – भेनाको संवाद स्थानीय सामाजिक नेपाली भाषिका र मगर पाङका रूपमा**

**भेनाः** ओ कान्छी टिमी टा टुरुनी भइच्यौ । (आवए कान्छी नङता धामे ताइदुना ।) कटि हर्लक्क बढेकी (खसा हर्लक्क नबडिनु) आहा ! छाती पनि पुष्ट भएछ । (आहा ! छाती बै चान्या ताइदारैच) मान्छे पनि गोरी भइच्यौ । (रुबै पाल्न्या ताइदुना रैच) पहिला ट अलि काली काली भए जस्टो लाक्ट् यो । (पहिला ता तचि मोल्न्या, मोल्न्या ताहउमन् दारङ ।) अइले टा काखमै राखिकिन हजार चुप्पा गर्न मन लाक्ने भइच्यौ नि । (आको त घोन्लैनाइस्यू तबरबाला म्वाइँ जोन्याङमन् तइदुना रैच।)

**सालीः** छि ! ओ भेना पनि के-के भनेर जिस्कान्च । (छ्या इका भेनाले नैतिनैति पान्स्यू हसाइवा ।) अर्कालाई बेकारमा जिस्काइर के के गर्न खोज्डो रैच । (छुट्टैजन् बलैज नैतिनैति पान्स्यू हसान्या रैच ।) मलाई यस्टो गरेको मन पर्दैन हय भेना । (ङाजन् ऐलेसिन्या हिङमालागिदि भेना ।) आलि ख्याल गर, चप्पल भेतौला । (तचि सोरगाल्त्या चप्पल डोइना ।)

**भेनाः** आबुइ ! ओ साली टा कस्टो होला । (आवै (आवइ) इका सालिता कैता हाऊ ।) मैले टिम्लाई का जिस्काक् हो र । (ङा नङजन् काङ ङाह साइङुका ।) मैले आफ्नै सालीलै नि राम्री छौ भन्न नपाने ? (ङा सालीजन् चान्या नलिनू अइदाउङामा डोइङुका ?) धात्या भाटा इउटा कुरा, साँचो-साँचो बटाडा नि ओ साली टा के-के सोच्डो रैच । (ग्वार्सिन्याङन् तोलोछेन्, मच्छिऊ, मच्छिेऊ पान्स्यू भै इका सालीता नैति-नैति इङवारैच) भो मटा टिमीसँग यट्रनि बोल्डिनँ । (ताइदा ङाता नङ सकाइ यत्रैव माछेङङ्दि ।)

**सालीः** छिः ओ भेना त्यट्टि भन्डा नि रिसान्च । (छ्या इका भेना नकाइजा ओमनल्यूकबै बर्किया ।) मैले टा के भन्डो रैच भनिर पो भन्या टो । (ङाता कैल्यौ अइलिस्यूडि ओमन ङालिङ ।) मैले टिम्लाई किन ट्यस्टो भन्टे र ! (ङा नङजन् नैकाम ओमनधान्का ।) नरिसौ है भेना, मैले तिम्लाई कस्टो माया गर्चु । (ताभर्किन हय भेना ङा नङजन् ख्वाई निज्याना ।) म अलि ठट्यौली छु के । (ङा तचि तचि, साइहायन्या लिङालै ।)

**भेनाः** अ अ होला । ठा पाएँ । (औ औ लिना सन्दङा ।)

स्रोतः क्षेत्रीय अध्ययन, छिर्ने, रोल्पा ।

स्रोत पाङमा अनुवादः गौमाया पुन र मनकुमारी बूढा, लिबाङ, रोल्पा ।

सन्त कवि कविरदास भन्छन्, 'दुई कोस पे पानी बदले, चार कोस पे वानी ।' अर्थात् हरेक दुइदुई कोसमा पानी बदलिन्छ भने चारचार कोसमा वाणी (अधिकारी, २०६५ : ९९) । नेपालीमा हामी भन्ने गर्छौं । देश गुनाको भेष ।

हर क्षेत्रको आफ्नै मौलिक भाषा हुन्छ जसलाई हामी भाषिकाका नामले चिन्ने गर्छौं । भाषिका भाषाको क्षेत्रीय वा स्थानीय भेद हो । यसले कुनै निश्चित स्थान विशेषको मौलिक पहिचान बोकेको हुन्छ । त्यस्तै यसमा कुनै स्थान विशेषको स्थानीय रङ पनि झल्किएको हुन्छ ।

नेपाली भाषाको भौगोलिक विस्तारसँगै यसका प्रशस्त स्थानीय तथा क्षेत्रीय भेदहरू देखा परेका छन् । नेपालभित्र बोलिने नेपाली एउटै भाषा भए पनि यसका प्रशस्त स्थानीय तथा सामाजिक विभेदहरू

छन् । माथि साभार गरिएका उद्धरणहरू नेपालीका सामाजिक तथा क्षेत्रीय भाषिकाहरू हुन् । माथि उल्लेख गरिएका भाषिका नेपाली खसानीका उदाहरण हुन् ।

माथि साभार गरिएका वाक्य, अनुच्छेद तथा संवादहरू रोल्पा जिल्लाका लिवाङ, गोगनपानी, सातदोबाटो, छिर्ने, सुलिचौर, खुङ्ग्रीकोट, खुङ्ग्री, घोडागाउँ, सैंघा, धौलाबाङ, होलेरी, सुर्पालनेटा, अनि रोल्पाको छिमेकी जिल्ला प्यूठान र दाङका क्रमशः किमिचौर, सल्ले, दहवन, हाम्जा, नस, खाल, कोचिबाङ, धनबाङ, तामधारा, डाँडाखर्क, गोठीबाङ, अरमखोला, बोजपोखरा, स्यूजा, आदि क्षेत्रमा प्रयुक्त खसानी भाषिकाका नमूना हुन् । उक्त नमूनाहरू तत्तत् क्षेत्र र त्यसवरिपरिका गाउँ तथा बाटामा हिँड्ने डुल्ने क्रममा गोठाला, घँसारु, घरबेटी, विद्यार्थी, खेताला आदिका जनजिब्रोबाट जस्तो सुनियो त्यहीं रूपमा टिपिएका हुन् । प्रस्तुत नमूनाहरू तत्-तत् स्थानमा बसोबास गर्ने मगर तथा अन्य दलित समुदायका मुखबाट जस्ताको तस्तै टिपिएको हो । प्रस्तुत नमूनाहरू तत्-तत् इलाकामा बस्ने कुनै जाति विशेषको उपहास गर्ने उद्देश्यले नभई प्रस्तुत इलाकामा बोलिने सामाजिक भाषिका के-कस्तो छ भनी त्यसको मौलिक पहिचान पहिल्याउने ध्येयले साभार गरिएका हुन् ।

हाल नेपाली नेपालको बृहत् भूगोलमा बोलिन्छ । राप्ती अञ्चलको अथार मगरात प्रान्तमा पनि अधिकांश ठाउँमा मातृभाषाकै वा सो सरहकै रूपमा नेपाली भाषा बोलेको पाइन्छ । माथि उल्लिखित प्रायः सबै क्षेत्रमा मगरहरूको बाक्लै रूपमा बसोबास रहेको छ । प्रस्तुत इलाकाहरूमा मगर मात्र नभई अन्य बाहुन, क्षेत्रीको पनि बसोबास रहेको पाइन्छ । तर अचम्म एउटै बस्तीमा सँग-सँगै वल्तिर-पल्तिर अत्यन्तै घनिष्ट छिमेकीका रूपमा बसोबास गरेका मगर तथा अन्य जनजाति र बाहुन तथा क्षेत्रीको भाषिक लवज र भाषिक जनजिब्रो अत्यन्तै फरक रहेको पाइएको छ । माथि साभारित तथा त्यस वरपरका भिंगृ, सारी, बेलबास, तिमिले, खन्नेखोला, सोत्रे, तापा बाँदीकोट, नाम्रीकोट, सानीलेक (प्यूठान) तथा खुङ्ग्री, महिन्द्री, हरिगाउँ, स्यूजा आदि (रोल्पा-दाङ) इलाकामा बाहुन क्षेत्री तथा पठित वा शिक्षित जनजातिका जनजिब्रोमा पाइएको नेपाली सामाजिक भाषिकाको नमूना अनुच्छेद रूपमा निम्नानुसारको पाइएको छ -

कुनै एकजना दिदीले आफ्नो शहर पढ्न गएको भाइ आफूलाई भेट्न आएका अवसरमा संवादका रूपमा प्रस्तुत भाषिक अभिव्यक्तिको नमूना अनुच्छेदका रूपमा-

**घ) एक ग्रामीण नारी आफ्नो भाइसँग**

कइले आऊ हय कान्छा ? सन्चै छौ ? घरमा बा, आमा सन्चै छन् ? तिम्ले पढ्ने कतिमा रे ? तिम्ले ता मस्तै पढिऊ । पढाइ सिद्ध्या छैन अजै ? कइले फर्किने हौ नि उतातिर ? तिमी ता पटक्कै आउन्नौ अए यतातिर ? के हो घरको माया मारेजस्तो छ नि ! कि उतै ब्या-स्या गरेर घरजम ता गऱ्या छैनौ ? शहरमा पढ्न बस्याको ता भर बुनि हुन्न नि हए । आजकालका केटाटीको ता विश्वासै हुन्न बो नि । घरमा बाबु आमालाई कत्रो आपत् छ । आफूहरू तीन भाइ छन्, विचरा ! बा आमालै घर धान्न कत्रो सासा छ । त्यत्रो खेतीपाती फेरि ती त्यत्रा लालाबाला, विचरा ती बूडाबुडी मात्रै घर ता । त्यत्रो दुक्ख गरेर छोराहरूलाई पढाएर क्यै न केइ । ब्या गर्दै अनि त सबै आ-आफ्ना स्वास्नी केटाटी टिप्दै हिड्दै । यस्तै ता रैच नि अइलको जमाना । छोरा पाएँ भन्यो छोरी पाएँ भन्यो बेकारको नाकको भारी । हैन कान्छा अब जे भए नि यसपालि ब्या गर्न, पर्च । बा आमाको

हत्ते भव । बिरामी हुँदा घरमा पानी ख्वाँउने मान्छे सम्मत छैनन् । ऊ जेठाजेठी तलै बस्ने भैगा । माइला माइली छुट्टीया बो । अब ब्या गर, ब्वारी घरमा छोड, अनि जा जाने हो जाउला । अब बुढेसकालमा बा आमालै एक्लै छोड्न भव । विचरा ! हेर्तो कत्रो दुक्ख गरेर पाल्नु भो, ताल्नु भो, पढाउनु भो । अब सुक्ख पाम्ला भन्ने बेलामा सब्बै आ-आफ्ना तरातिप्फा । बा आमाको मन रुन्न त्यस्तो नि गर्न हुन्च ? बेस्सरी बाआमाको सराप लाग्ला । जे भए बुनि अब ब्या गर । केटी जति भने नि पाउचौ । त्यत्रो पड्यालै जोल्ले नि दिन्चन् । जस्ती भने नि पाउचौ ।

स्रोतः स्वर्गद्वारी नगरपालिका, भिङ्ग्री, प्यूठान ।

साभारित अनुच्छेद माथि उल्लेख गरिएको स्थानमा बाहुन, क्षेत्री तथा अन्य जातजातिका पठित वा अल्पशिक्षित मानिसहरूका जनजिब्रोमा पाइने स्थानीय सामाजिक नेपाली भाषिकाको नमूना हो ।

माथि साभार गरिएका नमूनाले प्रस्तुत इलाकामा बोलिने सामाजिक नेपाली भाषिकामा बाहुन, क्षेत्री तथा अन्य जातका पठित र मगर लगायत अन्य जातका अपठित मानिसहरूका जनजिब्रोमा बोलिने नेपाली सामाजिक भाषिकामा प्रशस्तै भिन्नता छ भन्ने कुरा स्पष्ट पार्दछन् ।

उल्लिखित इलाकाहरूमा बोलिने नेपाली सामाजिक भाषिका तथा उपभाषिकामा मगर तथा त्यसको प्रभावमा रहेका अन्य जातिको जिब्रो तथा बाहुन, क्षेत्रीहरूको जनजिब्रोमा के-कस्ता भाषिक उच्चारणगत विभिन्नताहरू छन् सो को नमूना कालगत क्रियाका रूपमा तल प्रस्तुत गरिएको छ-

१. **अभ्यस्त भूत कालिक क्रियाहरू**

| मानक नेपाली | बाहुन, क्षेत्री जनजिब्रा | मगर तथा अन्य जनजिब्रो |
|---|---|---|
| खान्थ्यो, जान्थ्यो | खान्त्यो, जान्त्यो | खान्ठ्यो, जान्ठ्यो |
| भन्थी, बस्नुहुन्थ्यो | भन्ती, बस्नुहुन्त्यो | भन्ठी, बस्नुहुन्ठ्यो |
| बस्थिन्, खान्थ्यौ | बस्तिन्, खान्त्यौ | बस्ठिन्, खान्ठ्यौ |
| चपाउथ्यौं, उफ्रन्थ्यौं | चपाउत्यौं, उफ्रन्त्यौं | चपाउठ्यौं, उफ्रन्ट्यौं |
| पढ्थ्यो, बस्थ्यो | पढ्त्यो, बस्त्यो | पर्ट्यो, बस्ट्यो |
| लड्थ्यो, बढाथ्र्यो | लड्त्यो, बडाल्त्यो | लरट्यो, बराल्ट्यो |

मीथ उल्लिखित अभ्यस्त पक्षका क्रियाबाचीहरूको अध्ययन गर्दा मगर जनजिब्रोमा नेपाली मानक भाषाको 'थ' ध्वनि ट र ठ ध्वनिमा रूपान्तरण भएको छ । तर कतै कतै भने 'ड-ढ-ल-न' ध्वनिका पछिल्तिर आएको 'थ' ध्वनि 'त' ध्वनिमा समेत रूपान्तरणभएको छ । उदाहरण हेरौं-

| मानक | मगर तथा अन्य | मानक | मगर तथा अन्य |
|---|---|---|---|
| पढ्थ्यो | - पड्त्यो/परट्यो | डुल्थ्यो | - डुल्त्यो/डुल्ट्यो |
| पढ्थी | - पड्ती | डुल्थी | - डुल्ती/दुल्टी |
| पढ्नुहुन्थ्यो | - पर्नुहुन्थ्यो | डुल्नुहुन्थ्यो | - डुल्नुहुन्टो/दुल्नुहुन्टो |
| भुल्थ्यो | - भुल्ट्यो/भुल्टो | भन्नुहुन्थ्यो | - भन्नुहुन्ट्यो |

| | | | |
|---|---|---|---|
| भुल्थी | - भुल्टी | भन्थी | - भन्ती/भन्टी |
| भुल्नुहुन्थ्यो | - भुल्नुहुन्ट्यो | मान्थी | - मान्ती/मान्टी |
| भन्थ्यो | - भन्ट्यो | मान्नुहुन्थ्यो | - मान्नुहुन्टो |
| मान्थ्यो | - मान्ट्यो | | |

कतै- कतै यस्तो देखिए पनि प्रायः ट ध्वनिमै रूपान्तरण भएको पाइन्छ।

माथि उल्लिखित मानक नेपालीका क्रियावाचीहरू बाहुन, क्षेत्री तथा अन्य जातजातिका जनजिब्रोमा प्रयोग हुँदा मगर जनजिब्रोको ठीक विपरीत रूपमा प्रयोग भएका छन्। मगर जनजिब्रोमा 'ट, ठ' मा रूपान्तरण भएको 'थ' ध्वनि बाहुन, क्षेत्री तथा अन्य पठित वर्गका जनजिब्रोमा 'त' ध्वनिमा रूपान्तरण भएको छ।

२. **सामान्य भूतकालिक क्रियाहरू**

| मान | बाहुन, क्षेत्री जनजिब्रो | मगर तथा अन्य जनजिब्रो |
|---|---|---|
| गयो, भयो, हिँड्यो | गव्, भव्, हिँन्यो | गव्, भव्, हिँरो |
| लेख्यो, देख्यो, सुन्यो | लेख्यो, देख्यो, सुन्यो | लेखो, डेखो, सुनो |
| सुत्यो, उठ्यो, झऱ्यो | सुत्यो, उठ्यो, झऱ्यो | सुटो, उठो, झरो |
| पऱ्यो, बोल्यो, पढ्यो | पऱ्यो, बोल्यो, पढ्यो | परो, बोलो, परो |
| आई, बसी, पढी, लेखी | आई, बसी, पढी, लेखी | आई, बसी, परी, लेखी |
| जानुभयो, हिँड्नुभयो, | जानुभव्, हिँड्नुभव् | जानुभव्, हिँड्भनुव/भयो |
| देख्नुभयो, हेर्नुभयो | देख्नुभव्, हेर्नुभव् | डेख्नुभव्, हेर्नुभो |

माथि साभारित क्रियावाची शब्दहरू अध्ययन गर्दा प्रस्तुत इलाकामा बोलिने सामान्य भूतकालिक क्रियावाचीहरूको प्रयोगमा बाहुन, क्षेत्री तथा अन्य पठितहरूको जिब्रो मानक नेपालीको लगभग नजिक रहेको देखापर्दछ। मानक नेपालीका गयो, भयो, आयो, लग्यो, जस्ता क्रियावाचीहरूको प्रयोगमा बाहुन तथा क्षेत्रीको जनजिब्रो "गव्, भव्, आव्, लव्" को रूपमा उच्चरित भएको पाइएको छ। मानक नेपालीको माथि साभार गरिएका क्रियाको अन्त्यमा आएको 'यो' ध्वनि 'व' ध्वनिमा रूपान्तरण भएको छ। यो अवस्था सर्वत्र लागू भएको भने पाइँदैन। जस्तैः पढ्यो, लेख्यो, उठ्यो, बस्यो जस्ता क्रियामा आएको 'यो' ध्वनि भने 'व' मा रूपान्तरण हुन सकेको छैन। यो अवस्था 'यो' ध्वनिभन्दा अघिल्तिर हलन्त्य वर्ण नभएका (लग्यो बाहेक) क्रियाहरूमा लागू भएको पाइन्छ। यो अवस्था भाषाको सरलीकरण वा सहजीकरणका रूपमा आएको मान्न सकिन्छ। किनकि भाषाको स्वभाव नै जटिलताबाट सरलतातिर बहने हुन्छ। प्रस्तुत इलाकामा बोलिने मानक नेपालीको हिँड्यो, पढ्यो, लड्यो जस्ता क्रियामा आएका 'हिँड्यो' का बीचमा रहेको 'ड्' ध्वनि 'न' मा (हिन्यो) पढ्यो मा आएको 'ढ्' ध्वनि 'ड' ध्वनिमा (पड्यो), लड्यो को रूप 'लोट्यो' भई 'ल' ध्वनि ओकारका रूपमा र 'ड' ध्वनि 'ट' कारका रूपमा प्रयोग भएको पाइन्छ। मगर तथा त्यसको प्रभावमा रहेको जनजिब्रो माथि उल्लिखित प्रवृत्तिहरूको ठीक विपरीत रूपमा प्रयोग भएको पाइन्छ। मगर जनजिब्रोमा प्रयोग भएका गयो भयो, आयोका क्रमशः 'गव्,

भव्, आव्' रूपहरू बाहुन, क्षेत्री तथा अन्य जातजातिका पठित जनजिब्रोवत् देखा परे पनि यिनमा तात्त्विक भिन्नता रहेको पाइन्छ । त्यो के भने बाहुन तथा क्षेत्रीहरूको जनजिब्रोमा प्रस्तुत क्रियाका अन्त्यमा आएका 'व' ध्वनि ह्रस्वीकरण मात्र भएको पाइन्छ तर मगर तथा त्यसको प्रभावमा रहेको जिब्रोमा अतिह्रस्वीकरण भएको पाइएको छ । त्यस्तै मगर जनजिब्रोमा मानक नेपालीका 'देख्यो, पढ्यो, उठ्यो, हिँड्यो' पढ्यो आदि क्रियाहरू देखो, परो, उठो, हिँडो' को रूपमा प्रयोग हुन गई अन्तिमको 'य' ध्वनि लोप भएको पाइएको छ। मगर जनजिब्रोमा उड्यो, बुड्यो, गुड्यो, लड्यो, सड्यो जस्ता क्रियामा आएका 'ड' ध्वनि 'र' ध्वनिमा निम्न रूपले 'उरो, बुरो, गुरो, लरो, सरो' भएका छन् । बालकृष्ण पोखरेलले राष्ट्रभाषामा राप्ती अञ्चलका दाङ, प्यूठान, रोल्पा आदि इलाकामा डाँडोको रूप - डाँरो, घुँडोको - घुँरो भई समग्रमा 'ड' ध्वनि 'र' मा रूपान्तरण भएको छ भन्ने देखाएका छन् । सो कुरा माथिका सन्दर्भले गलत हुन् भन्ने देखाउँछन् । यस्तो प्रवृत्ति मगर तथा त्यसको प्रभावमा रहेको जनजिब्रोमा मात्र पाइने कुरा माथिका उद्धरणले प्रष्ट पार्दछन् । मगर जनजिब्रोमा के पाइएको छ भने सामान्य भूतकालिक क्रियाको प्रयोग गर्दा एकवचन, अनादरवाची, पुलिङ्गी जस्तै- पढ्यो, हिँड्यो, बस्यो, गऱ्यो, देख्यो, सुत्यो, आदि रूपहरू क्रमशः 'परो, हिँरो, बसो, गरो, देखो, सुतो' का रूपमा प्रयोग हुन गई बीचको हलन्त्य वर्ण ओकारमा परिणत भएको नभएर य् ध्वनि लोप भएको मात्र देखिन्छ किनभने 'य +ओ' मा ओ त बाँकी नै छ। मगर जनजिब्रोमा देख्नुभयो, दिनुभयो, दिलाउनुभयो, ढल्नुभयो जस्ता क्रियामा आएको 'द' ध्वनि 'ड' मा रूपान्तरण भई क्रमशः देख्नुभव, डिनुभव, डिलाउनुभव, डल्नुभव' का रूपमा प्रयोग भएका छन् ।

**३. अपूर्ण भूतकालिक क्रियाहरू**

| मानक नेपाली | बाहुन क्षेत्रीको जनजिब्रो | मगर तथा अन्य जनजिब्रो |
|---|---|---|
| जाँदै थियो, खाँदै थियो | जाँदैथ्यो, खाँदैथ्यो | जाँठैठयो, खाँडैठ्यो |
| उठ्दै थिई, बस्दै थिई | उठ्दै थी, बस्दै थी | उड्डै ठी, बस्डै ठी |
| आउँदै हुनुहुन्थ्यो | आउँदै हुनुहुन्त्यो | आउँडै हुनुहुन्ठ्यो |
| ओगट्दै थियो | ओगड्दै थ्यो | ओगड्डै ठ्यौ |
| सुन्दै थिएँ | सुन्दै थें | सुन्डै ठें । |

माथि नमूनाका रूपमा प्रस्तुत अपूर्ण भूतकालिक क्रियाहरूको प्रयोगमा उपर्युक्त इलाकाका बाहुन क्षेत्री तथा मगर जनजिब्रोमा प्रयोग भएको नेपाली सामाजिक भाषिकामा स्पष्ट विभिन्नता रहेको ज्ञान हुन्छ । अपूर्ण भूतकालिक क्रियाको प्रयोगमा मानक नेपालीको 'थियो, थिई, थिएँ' जस्ता रूपहरू स्थानीय बाहुन क्षेत्रीका जनजिब्रोमा क्रमशः थ्यो, थी, थें, का रूपमा प्रयोग भएको छन् भने यहीं रूप मगर जनजिब्रोमा क्रमशः 'ठ्यो, ठी, ठें' का रूपमा प्रयोग भएका छन् । यिनै इलाकाका बाहुन, क्षेत्रीले प्रयोग गरेको नेपाली सामाजिक भाषिकाका खाँदै थ्यौ, जाँदै थी, उठ्दै हुनुहुन्त्यो' जस्ता रूपहरू नेपालका अधिकांश भू-भागमा बोलिन्छ। यस्तो खाले प्रवृत्ति लगभग राष्ट्रव्यापी नै रहको छ।

**४. पूर्ण भूतकालिक क्रियाहरू**

| मानक नेपाली | बाहुन क्षेत्रीको जनजिब्रो | मगर तथा अन्य जनजिब्रो |
|---|---|---|
| भएको थिएँ, हेरेको थिएँ | भा'थें, हेऱ्या थें | भा'ठे, हेरी टे/ठे |
| गएको थियो, आएको थियो | गाथ्यो, आथ्यो | गाठ्यो, आठ्यो |
| गएकी थियौ, आएकी थियौ | गा'थ्यौ, आ'थ्यौ | गैट्यौ/गैठ्यौ, आइट्यौ/आइठ्यौ |
| देखेका थियौ, सुतेका थियौ | देख्या थ्यौ, सुत्या थ्यौ | देखी ट्यौ, सुटी ट्यौ |

माथि साभार गरिएका अपूर्ण भूतकालिक क्रियाहरूको अध्ययन गर्दा यी इलाकामा मगर तथा बाहुन क्षेत्रीका जनजिब्रोमा प्रयोग भएको नेपाली सामाजिक भाषिकामा स्पष्ट रूपमा भिन्नता रहेको जानकारी मिल्दछ। मानक नेपालीका 'गएको, भएको, आएको, उडेको' जस्ता रूपहरू स्थानीय बाहुन क्षेत्रीका जनजिब्रोमा क्रमशः प्रथम पुरुष र एकवचनमा गा'को, भा'को, आ'को उड्या' आदि रूपमा प्रयोग हुन गई बीचको 'ए' ध्वनि लोप भएको अवस्था छ। यो प्रवृत्ति मगर जनजिब्रोमा पनि यथावत् रूपमा देखा पर्दछ। यी दुई सामाजिक भाषिकामा के अन्तर देखिन्छ भने मानक नेपालीका देखेका, भएका, हिँडेका जस्ता रूपहरू स्थानीय बाहुन, क्षेत्री तथा पठित वर्गका जनजिब्रोमा देख्या, भा, हिँड्या, आदिका रूपमा प्रयोग भएको छ भने यिनै रूपहरू मगर तथा त्यसको प्रभावमा रहेको जनजिब्रोमा डेख्या, भा, हिँऱ्या आदि रूपमा प्रयोग गरिएको पाइएको छ।
पूर्ण भूतकालिक क्रियाका रूपमा आउने एको, एका, एकी प्रत्ययहरूमा रहेको 'ए' ध्वनि क्रमशः अपभ्रंश तथा लोप हुने अवस्थामा पुगेको छ भन्ने कुरा माथिका सन्दर्भ तथा विश्लेषणले पुष्टि गर्दछन्।

मगर जनजिब्रोमा पूर्ण भूतकालिक मानक नेपालीका क्रियाहरू गएको थिएँ, आएकी थिई, गएका थियौ, पढेकी थियौ खानुभएको थियो जस्ता रूपहरू क्रमशः गैटें/गैठें, आइटी/आइठी, गैट्यौ/गैठ्यौ, परिठ्यौ/परिटिऊ, खानु भैटो/खान्ु भैठो' का रूपमा प्रयोग भएको छ। यस्तै-यस्तै खाले प्रवृत्ति गुरुङ्ग, तामाङ्ग, थकाली जस्ता अन्य भोट- बर्मेली परिवारका मातृभाषा बोल्ने वक्ताहरूमा पनि पाइन्छ।

**५. अज्ञात भूतकालिक क्रिया**

| मानक नेपाली | बाहुन क्षेत्रीको जनजिब्रो | मगर तथा अन्य जनजिब्रो |
|---|---|---|
| भएछ, खाएछ, आएछ | भएच, खाएच, आएच | भैच्च, खाइच्च, आइच्च |
| उठिछे, बसिछे, लेखिछे | उठिचे, बसिचे, लेखिचे | उथिच, बसिच, लेखिच |
| हिँड्नु भएछ, बस्नुभएछ | हिँड्नुभएच, बस्नुभएच | हिँड्नुभैच्च, बस्नुभैच्च |
| देखेछन्, बसेछन्, | देखेचन्, बसेचन् | डेखिचन्, बसिचन् |
| सुतेछौ, हिँडेछौ | सुतेचौ, हिँडेचौ/ हिँनेचौ | सुटिचौ, हिँरिचौ |
| निदाएछु, भएछौं | निदाएचु, भएचौं | निडाइचु, भइचौं |

माथि उल्लिखित अज्ञात पक्षकालीन क्रियाहरूको अध्ययन गर्दा मानक नेपालीका क्रियाको अन्त्यमा जोडिन आउने एछ, एछु, एछन्, एछौं जस्ता प्रत्ययहरूको 'छ' ध्वनि प्रस्तुत इलाकाका बाहुन क्षेत्री तथा मगर जनजिब्रोमा 'च' ध्वनिमा रूपान्तरण भएको छ। यो प्रवृत्ति भाषिका स्तरमा यति व्यापक रहेको छ कि यसै क्रममा

नेपाली भाषा अगाडि बढ्दै रह्यो भने 'छ' ध्वनि अज्ञात पक्षका क्रियाहरूबाट विस्तापित हुने अवस्थामा छ। अझ अर्को विश्लेषणीय पक्ष के रहेको छ भने मगर जनजिब्रोमा 'भएछ, गएछ, आएछ, लेखेछ' जस्ता रूपहरू भैच्च, गैच्च, आइच्च, लेखिच' का रूपमा प्रयोग हुन गई बीचको 'ए' ध्वनि 'ए' वा 'इ' मा रूपान्तरण भएको पनि छ। यो प्रवृत्ति म्याग्दी, बाग्लुङ, कास्की जिल्लाका अधिकांश सामाजिक भाषिकामा पनि पाइन्छ। तर प्रस्तुत अध्ययन क्षेत्रमा बसोबास गर्ने बाहुन तथा क्षेत्री र त्यसको प्रभावमा रहेको जनजिब्रोमा पाइन्न। यो प्रकृतिलाई मगर जनजिब्रोले बढी रुचाएको छ।

**६. सामान्य वर्तमानकालिक क्रियाहरू**

| मानक नेपाली | बाहुन, क्षेत्रीको जनजिब्रो | मगर तथा अन्य जनजिब्रो |
|---|---|---|
| जान्छ, खान्छ, उठ्छ, | जान्च, खान्च, उठ्च | जान्च, खान्च, उठ्च/लेक्च |
| हिँड्छे, बस्छे, लेख्छे, | हिँन्चे, बस्चे, लेख्चे | हिँन्चे/हँन्च, बस्चे, लेख्चे |
| जानुहुन्छ, उठ्नुहुन्छ | जानुहुन्च, उठ्नुहुन्च | जानुहुन्च/झानुहुन्च, उठ्नुहुन्च |
| उड्छन्, गुड्छन् | उड्चन्, गुड्चन | उर्चन्, गुरचन् |

माथि उल्लिखित सामान्य वर्तमानकालिक क्रियाहरूको अध्ययन गर्दा प्रस्तुत इलाकाका बाहुन, क्षेत्री तथा मगर जनजिब्रोमा मानक नेपालीको, 'छ, छन्, छौ, छौं' जस्ता शब्दांश वा प्रत्ययहरू 'च, चन्, चौ, चौं,' मा रूपान्तरण भएका छन्। यो प्रवृत्ति प्रस्तुत इलाकामा मात्र नभएर मानक नेपालीको लेख्य तथा औपचारिक उच्चार्य रूपमा बाहेक राष्ट्रका अधिकांश स्थानहरूमा प्रयोग गरिएको पाइन्छ।

माथि उल्लिखित बाहुन, क्षेत्री तथा मगर जनजिब्रोमा प्रयुक्त सामान्य वर्तमानकालिक क्रियाहरूको प्रयोगमा लेख्य रूपमा प्रस्तुत गर्दा त्यति ठूलो विभिन्नता नपाइए पनि उच्चार्य रूपमा प्रशस्तै विभिन्नता देखापर्दछन्। जसको ध्वनितात्विक रूपमा छुट्टै विश्लेषण गर्नुपर्दछ। मानक नेपालीको 'ड' ध्वनि 'र' मा रूपान्तरण भएको तथा हिँड्छ मा आएको 'ड' ध्वनि 'न' मा रूपान्तरण हुने कुरा माथि नै चर्चा गरिसकिएको छ।

**७. अपूर्ण वर्तमानकालिक क्रियाहरू**

| मानक नेपाली | बाहुन, क्षेत्रीको जनजिब्रो | मगर तथा अन्य जनजिब्रो |
|---|---|---|
| जाँदै छ, खाँदै छ, | जाँदै छ, खाँदै छ | जाँडै छ, खाँडै छ |
| उठ्दै छ, बस्दै छौ | उठ्दै छ, बस्दै छौ | उड्डै छ, बस्डै छौ, |
| आउँदै/जाँदै हुनुहुन्छ, | आउँदै हुनुहुन्च, जाँदै हुनहुन्च | आउँडै हुनुहुन्च, जाँडै हुनुहुन्च |
| बस्दै छ्यौ, सुत्दै छिन् | बस्दै छ्यौ, सुत्दै छिन्, | बस्डै छौ, सुड्डै छिन्। |

माथि उल्लिखित क्रियाहरूको अध्ययन गर्दा सामान्य वर्तमानकालिक क्रियाहरूमा 'च' का रूपमा उच्चरित हुने 'छ' ध्वनि अपूर्ण वर्तमानमा 'छ' ध्वनिकै रूपमा उच्चारण गरिएको पाइन्छ। अपूर्ण वर्तमान कालको उच्च आदरार्थी 'हुनुहुन्छ, जानुहुन्छ' जस्ता अपूर्ण क्रियाका पछिल्तिर आउने आदरवाचीमा भने 'छ' ध्वनिका स्थानमा 'च' ध्वनिकै प्रयोग गरेको पाइन्छ। तर यो अवस्था एकवचन अनादरवाची र सामान्य आदरार्थीमा

भने लागू हुँदैन। एकवचन, प्रथमपुरुषीय बहुबचन र अनादरवाची (छ, छन्, छौं) मा छ ध्वनिको उच्चारण गर्दा 'छ र ह' को बीचको स्थिति 'हः' कण्ठस्थको रूपमा गरेको पाइन्छ।

**८. पूर्ण वर्तमानकालिक क्रियाहरू**

| मानक नेपाली | बाहुन, क्षेत्रीको जनजिब्रो | मगर तथा अन्य जनजिब्रो |
|---|---|---|
| आएको छ, खाएको छ | आ छ/आहः, खा छ/खाहः | आइच, खाइच |
| भएकी छे, उठेकी छे | भा'छे, उठ्या छे | भैचे, उठिचे |
| हिँडेका छौं, बसेका छौं | हिँड्या/हिँन्या छौं, बस्या छौं | हिँरि चौं, बसि चौं/बसि चम् |
| सुत्नुभएको छ, | सुत्नु भा'छ/सुत्नु भाहः | सुट्नु भैंच/सुट्नु भैच्च |
| जानुभएको छ | जानुभा' छ/जानु भा 'हः' | जानु भैंच/जानुभैच्च |

माथि उल्लिखित पूर्ण वर्तमानकालिक क्रियाहरूको अध्ययन गर्दा प्रस्तुत इलाकामा बोलिने बाहुन, क्षेत्री तथा मगरहरूको जनजिब्रोबाट अपूर्ण वर्तमानकालिक क्रियाका पछिल्तिर जोडिन आउने एको/एका/एकी' प्रत्ययहरू अघिल्लो ध्वनिमा आकारका रूपमा प्रयोग हुन गई लोप समेत भएका छन्। हिँडेका, उडेका, लडेका, बढेका, सडेका, उठेका, पिटेका, जस्ता टवर्गीय वर्णका पछिल्तिर जोडिन आएका एका/एकी प्रत्ययहरू हिँड्या, उड्या, लड्या, बढ्या, सड्या, उठ्या, पिट्या आदिका रूपमा प्रयोग हुन गई आकार मात्र बच्न गई 'ए' कारको पूर्व रूपमा लोप भएको छ भने नयाँ 'य' व्यञ्जन थपिन आएको पनि छ।

पूर्ण पक्षकालीन क्रियाहरूको पछिल्तिर जोडिन आउने एको/एका/एकी प्रत्ययहरू भाषाको सरलीकरण वा संक्षिप्तीकरण हुन जाँदा त्यस्तो अवस्थामा प्रयोग हुन थालेका हुन्।

पूर्ण पक्षकालीन क्रियाको प्रयोगमा एउटा नवीन प्रवृत्ति पनि देखापरेको छ। यी क्षेत्रमा प्रयुक्त नेपाली भाषा वा भाषिकामा देवनागरी लिपिमै नरहेको 'हः' (वर्त्स्य छ र अतिकण्ठ्य ह का बीचको स्थितिमा उच्चरित) ध्वनि पूर्ण पक्षकालीन क्रियाका पछिल्तिर जोडिन आउने 'छ, छौं, छन् छस्' मा रहेको 'छ' का स्थानमा 'हः' को रूपमा उच्चरित भएको पाइन्छ। उदाहरणका रूपमा 'भएका छन्- भा' हःन्, गएका छन्- गा' हःन्, आएको छु- आ' हुः, जानुभएको छ - जानु भा'हः' हेरका छन्- हेऱ्या हःन्' का रूपमा छ ध्वनि 'हः' का रूपमा प्रयोग भएको छ। यो नेपाली सामाजिक भाषिकामा देखापरेको नवीन ध्वनि हो। जसको लेख्य चिह्न नेपालीमै छैन।

**९. सम्भावनार्थ क्रियाहरू**

| मानक नेपाली | बाहुन क्षेत्रीको जनजिब्रो | मगर तथा अन्य जनजिब्रो |
|---|---|---|
| होला, भन्ला, उठ्ला | होला, भन्ला, उठ्ला | होला, भन्ला उथ्ला |
| देखुँला हेरौंला, पर्ला | देखुँला, हेरौंला, पर्ला | डेखुँला, हेरुँला, पर्ला |
| सुन्नु होला, सुनौली | सुन्नु होला, सुनौली | सुन्नु होला, सुनौली |
| जाउला, बसौला | जाउला, बसौला | जौला/झउला, बसौला |
| उड्ला, खस्ला | उड्ला, खस्ला | उऱ्ला, खस्ला |

माथि उल्लिखित सम्भावनार्थ क्रियाहरूको प्रयोगमा खासै ठूलो विभिन्नता रहेको पाइँदैन । मानक नेपालीका सम्भावना पक्षकालीन क्रियाहरू स्थानीय बाहुन क्षेत्रीको जनजिब्रोमा लगभग समान रूपले उच्चरित भएका छन् । मगर जिब्रो भने त र टवर्गीय ध्वनिको उच्चारणमा केही लटपटिएको पाइन्छ । मगर जनजिब्रोमा मानक नेपालीका ड ध्वनि 'र' का रूपमा 'ज' ध्वनि 'झ' का रूपमा 'ठ' ध्वनि 'थ' का रूपमा प्रयोग हुने अवस्था यहाँ पनि यथावत् नै छन् तर अन्य नवीन प्रवृत्ति भने देखापरेको छैन । शब्दको समान रूपमा प्रयोग गरिए पनि बाहुन, क्षेत्री तथा मगर जिब्रोमा ध्वनिगत रूपमा प्रशस्तै विभिन्नताहरू पाइन्छन् ।

**१०. सामान्य भविष्यत्कालीन क्रियाका केही नमूनाहरू**

| मानक नेपाली | बाहुन, क्षेत्रीको जनजिब्रो | मगर तथा अन्य जनजिब्रो |
|---|---|---|
| हुनेछ, जानेछ, आउनेछ | हुनेहः, जानेहः, आउनेहः | होने छ, झाने छ्, आउने/औने छ |
| बस्नेछे, हिँड्नेछे, उठ्नेछे | बस्ने हेः, हिँड्ने हेः, उठ्ने हेः | बस्नेछे, हिँड्नेछे, उठ्ने छे |
| जानेछौं, बस्ने छौं, डुल्ने छौं | जाने हौंः, बस्ने हौंः डुल्ने हौः | झाने छौं, बस्ने छौं, डुल्ने छौं, |
| हिँड्नु हुनेछ, भुल्नु हुनेछ | हिँड्नु हुनेहः, भुल्नु हुनेहः, | हिँर्नु हुनेछ, भुल्नु हुनेछ |
| पिउने छन्, दिने छन्, | पिउनेहःन्, दिनेहःन् | पिनेछन्, डिनेछन् । |

माथि साभार गरिएका सामान्य भविष्यत्कालीन क्रियाहरूको अध्ययन गर्दा मानक नेपाली र प्रस्तुत इलाकाका बाहुन क्षेत्री तथा मगर जनजिब्रोमा प्रचलित नेपाली भाषिकाका बीच स्पष्ट रूपमा विभिन्नताहरू रहेको देखापर्दछ । मानक नेपालीका सामान्य भविष्यत् कालबोधक क्रियाका पछिल्तिर जोडिन आउने छ, छु, छौं, छन्, छिन् जस्ता ध्वनिहरूमा स्पष्ट विभेद रहेको देखा परेको छ ।

व्यञ्जन 'हः' का रूपमा बाहुन तथा क्षेत्रीको जनजिब्रोमा उच्चारण भएको कुरा माथिको नमूनाले पुष्टि गर्दछ तर यो प्रकृया मगर जनजिब्रोमा एकाध शब्दहरूमा बाहेक त्यति सर्वव्यापी भएको पाइँदैन । मगर जनजिब्रोले सामान्य भविष्यत्कालीन 'छ' ध्वनिलाई अतिह्रस्वीकरणका रूपमा उच्चारण गरेको छ भने 'हुनेछ' लाई होनेछ ('ह' मा रहेको उकारलाई ओकारका रूपमा प्रयोग), 'जानेछ' मा रहेको 'ज' ध्वनि लाई 'झकारका रूपमा 'झानेछ', पिउनेछन्- पिनेछन्, दिनेछन्- डिनेछन्, पढ्नुहुनेछ-पर्नु हुनेछका रूपमा उच्चारण गरेको पाइन्छ ।

**११. अपूर्ण भविष्यत्कालीन क्रियाहरूका केही नमूना**

| मानक नेपाली | बाहुन क्षेत्रीको जनजिब्रो | मगर तथा अन्य जनजिब्रो |
|---|---|---|
| जाँदै हुनेछन्, गइरहेका हुनेछन्, | जाँदै हुनेछन्, गइरहेका हुनेछन् | जाँडै हुनेछन्, गइराक् हुनेछन् |
| बसिरहेका/आइरहेका हुनछौं | बसिराका/आइराका | |
| | हुनेछौँ बसिराक्/आइराक् हुनेछौँ | |
| बस्दै हुनेछौँ | बस्दै हुनेछौँ | बस्डै हुनेछौँ/होनेछौँ |
| उठ्दै हुनेछस् | उठ्दै हुनेछस् | उथ्दै हुनेछस्/होनेछस् |
| निदाइरहेका हुनेछन् | निदाइराः हुनेछन् | निडाइराक् हुनेछन्/होनेछन् |

माथि साभारित अपूर्ण भविष्यत्कालीन क्रियाको प्रयोगमा बाहनु, क्षेत्री तथा मगर जनजिब्रोमा प्रशस्त विभिन्नता छन् भन्ने कुरा माथिको नमूनाले प्रमाणित गर्दछ। अपूर्ण भविष्यत्कालीन क्रियाको प्रयोग गर्दा प्रस्तुत इलाकामा अपूर्ण पक्षमा लाग्ने तै/दै भन्दा 'इरहेको' प्रत्यय बढी प्रयोग गरेको पाइएको छ। अपूर्ण भविष्यत् कालीन पक्षमा प्रयुक्त 'इरहेको' इरहेका, इरहेकी जस्ता शब्दांशका स्थानमा इराको, इराका, इराकी जस्ता शब्दांश प्रयोग भई यसमा पनि 'ह' ध्वनिको लोप हुन पुगेको छ।

१२. **पूर्ण भविष्यत्कालीन क्रियाहरूका केही नमूना**

| मानक नेपाली | बाहुन क्षेत्रीको जनजिब्रो | मगर तथा अन्य जनजिब्रो |
|---|---|---|
| गएका/बसेका हुनेछन् | गा'/बस्या हुनेछन्/हुनेहःन् | गाक्/बसेक् होनेछन् |
| गएकी हुनेछ्यौ | गा'की हुनेछौ | गा'क्, हुनेछ्यौ/होनेछ्यौ |
| खानुभएको हुनेछ | खा'नुभा हुनेछ | खानु'भाक् हुनेछ |
| पढेका हुनेछन् | पढ्या हुनेछन् | परेक् हुनेछन्/होनेछन् |
| आउनुभएको हुनेछ | आउनुभा' हुनेछ | आउनुभाक् हुनेछ/होनेछ |

माथि उल्लिखित पूर्ण भविष्यत्कालीन क्रियाहरूको अध्ययन गर्दा प्रस्तुत इलाकामा बोलिने मानक नेपालीका रूप र तत्-तत् स्थानका बाहुन, क्षेत्री तथा मगर जनजिब्रोमा बोलिने सामाजिक भाषिकाका बीचमा प्रशस्तै विभिन्नता रहेको अवगत हुन्छ। मानक नेपालीको गएका, खाएका, आएका जस्ता क्रियाहरू प्रस्तुत इलाकाका बाहुन क्षेत्रीको जनजिब्रोमा 'गा'का, खा'का, आ'का' का रूपमा प्रयोग हुन गई बीचको 'ए' ध्वनि लोप भएको स्थिति छ भने यिनै क्रियाहरू मगर जिब्रोमा 'गाक्, खाक्, आक्' का रूपमा प्रयोग हुन गई बाहुन तथा क्षेत्रीको जनजिब्रोमा प्रयोग भएको अन्तिमको आधार ध्वनिको समेत लोप भएको छ।

माथि काल तथा पक्षगत रूपमा मानक नेपालीका केही क्रियाहरू प्रस्तुत इलाकामा बाहुन, क्षेत्री तथा मगर जनजिब्रोमा कसरी प्रयोग भएका छन् भन्ने कुरा देखाइयो। अब प्रस्तुत इलाकाहरूमा मानक नेपालीका केही नाम, सर्वनाम, विशेषण तथा अव्यय शब्दहरू कसरी प्रयोग गरिन्छन् सो को नमूना प्रस्तुत गरिन्छ।

| मानक नेपाली | बाहुन क्षेत्रीको जनजिब्रो | मगर तथा अन्य जनजिब्रो |
|---|---|---|
| पाडो | पाडो/पाणो | पारो |
| डाँडो | डाँणो | डाँरो |
| घैंटो | घैटो | घैतो |
| धान | धान | ढान |
| टपरी | टपरी/पत्री | तपरी/पट्री |
| दुना | दुना | डुना |
| डमरु | डमरु | दमरु |

| | | |
|---|---|---|
| यिनीहरू | यिनूरु/यिनेरु | यिनुरु/यिन्हरू |
| तिनी | तिनी | टिनी |
| केटाकेटी | केटाटी | केराती |
| ठाउँ | ठाउँ | थाँउ |
| ढाल | ढाल | धाल |
| घण्टी | घन्टी | घन्ती |
| ताउलो | ताउलो | टौलो |
| तल | तल/उध | टल/उढ |
| माथि | माथि/उँभ | माठि/उँभो |
| थपडी | थपडी | ठपरी |
| दान | दान | डान |
| धान | धान | ढान |
| मुनितिर | मुन्तिर | मुन्टेर |
| माथितिर | मात्थिर | मात्थेर |
| भनेर | भनेर | भनिकिन |
| गएर | गएर | गइकिन |
| आएको | आको | आक् |
| रातो | रातो | राटो |
| कपडा | कपडा | कपरा/कप्रा |
| धनबाङ | धनबाङ | ढनमाङ |
| तामधारा | ताम्धारा | टाम्धारा |
| बिहान | ब्यान | भेन |
| भोलि | भोलि | भुलि |
| अस्ति | अस्ति | अस्टि |
| खुत्रुक्क | खुत्रुक्क | खुट्रुक्क |
| गमागम | गमागम | गेम्टागेम |
| वारितिर/पारितिर | वाल्तिर/पाल्तिर | वाल्टेर/पाल्टेर |
| हलो | हलो | होलो |

| | | |
|---|---|---|
| धेरै/थुप्रै | धेरै/थुप्रै/मस्तै | ढेरै/ठुप्रै/मस्टै |
| कष्ट | कस्ट | कस्त |
| काँसो | काँसो | काँसी/खाँसो |
| डँडेलो (डढेलो) | डणेलो | दरेलो |
| दमौली | दमौली | डमौली |
| हेर त | हेर्तो | हेर्‍टो |
| यत्रो | यत्रो | यट्रो |
| नुमा | नुमा | लुमा |
| लगौटी | लगौटी/धरो | लगौती |
| माथि | माथि/उप्रि | माठि/उप्पर |
| मुनि | मुनि/आस्न | मुनि/आसन् |
| आईमाई | आईमाई | सुन्चरी |
| लोग्नेमान्छे | लोग्ने मान्छे | लोङ्छोरा |
| बत्ती | बत्ती/ढेब्री | बट्टी/धेब्री |
| सुन्तला | सुन्तला | सुन्टला |
| कटहर | कटर | कतर |
| घण्टी/घाँडो | घाँणो/कोले | घाँरो/कोले |
| तिजू | तिजू | टिजू |
| फडियार | फरेट/जम्मू | फरेत/जिम्मू |
| जाँड | जाँण | जाँर |
| पो | पो/बो | पो/बो |
| गाँणी | गाँणी/गानी/गाँए/आनी | गानी/आनी |
| रण्डी | रन्डी | रन्दी |
| वेश्या | बेस्से/बेत्ताल | बेस्से/बैत्तल |
| पातर | पातर/लख | पाटर |
| धारामा (विभक्ति) | धारामा/धाराः | धारान/ढारान |
| गाईलाई (विभक्ति) | गाईलै | गाइलै |
| माथिबाट (विभक्ति) | माथिट | मात्थेराट् |

| | | |
|---|---|---|
| मुनितिरबाट (विभक्ति) | मुन्तिराट | मुन्तेराट |
| खोलामा (विभक्ति) | खोलामा | खोलान |
| घरतिरबाट (विभक्ति) | घर्तिराट | घर्तेराट् |
| हामीहरूको (विभक्ति) | हामुर्को | हामुन्को |
| तिमीहरूको (विभक्ति) | तिमुर्को | टिमुन्को |
| तपाईंहरूको (विभक्ति) | तपुर्को | तपुन्को |
| बेसार | बेसार | बेछार |
| कहिले | कैले | कुइले |
| जहिले | जैले | जुइले |
| भिनाजु | भिनाजु | भेनाजु/भेना |
| बथान | बगाल | बक्काल/बकाल |
| गाँउतिर (नामयोगी) | गाउँतिर | गाउँटेर |
| बिरामी | बिमारी/मधौरु | बिमार/कस्ट/मदौरु |
| भेल | भोल | भोल |
| खबर | खबर/सोर | खबर/सोर |
| जातो | चाकी | चाखी |
| नाङ्लो | सुपो | सुपो |
| ढकनी | ढक्कन | धक्कन |
| खोपिल्टो | खोपिल्टो | खुपिल्ता |
| गँगटो | गँगटो | गँगतो |
| गेडा | गेणा | गेरा/गेदा |
| अलिकति | अलिकति | इल्किन् |
| अबेर | बेर | भेर |
| गोरु | गोरु | गुरु |
| तयार हुनु | निमाज्नु | निमाइनु |

**केही नवीन शब्द**

| अर्थः | मानक | बाहुन, क्षेत्रीको जनजिब्रो | मगर तथा अन्य जनजिब्रो |
|---|---|---|---|
| | अति खुकुलो | होर्लाङ होर्लाङ | होर्लाङ होर्लाङ |
| | अति खुल्ला | ह्वाङ् ह्वाङ् | ह्वाङ् ह्वाङ् |
| | निडरताका साथ | जमजम्ती | जमजम्टी |
| | फुत्त | हुत्त (ऊ हुत्त फङ्गाल्यो) | हुट्ट |
| | फुत्तै | ह्वात्तै | ह्वाट्टै |
| | फटाफट | हात्तहुत्त | हाट्टहुट्ट |
| | छिटोछिटो | हतत | हट्टट |
| | नडराइकन | ज्वाङज्वाङ | ज्वाङज्वाङ |
| | सिरकको खोल | छेउलो | छेउलो |
| | आमा | जेई | जेई |
| | मालिक | गोसा | गोसा |
| | सामल | खर्च | खर्च |
| | खाजा/नास्ता | अर्नि | अर्नि |
| | तमाखु | खर्से | खर्से |
| | ढाड | कन्नो/कन्डो | कन्नो |
| | प्रसिद्ध | कहलिनु | कहलिनु |
| | तयार हुनु | सत्तिनु | सट्टिनु |
| | सिँगारबटार | सटरपटर | सट्टरपट्टर |
| | त्यतिकै | अलबलै | अल्बलै |
| | शीतल/छाया | सित्तल/छ्याम | सिटल, छेम |
| | हरियो | हर्‍यो | हर्‍रो |
| | सिमल्नु | छेमल्नु | छेमल्नु |
| | गोठाला | ग्वाला | गोला |
| | खेतालो | हेरालो | हेरालो |
| | नोकर | नोकर/बाधा कमारा | बाडा कमारा |
| | छिट्टै | झट्टै | झत्तै |

| | | |
|---|---|---|
| चिलिम | सुल्फा | सुल्फा |
| गोलभेंडा | राम्भेंडा/गोलभेंडा | राम्भेरा |
| भिन्डी | चिफ्लेभेडी | चिफ्लेभेरी |
| काउली | गोपी | गोपी, गोबी |
| मस्यौरा | बोरी | बोरी |
| भरिया | भर्रे | भर्रे |
| सिकार | सिखार/ऐरा | सिखार/ऐरा |
| एकदमै पाकेको | भरेली | भरेली |

माथि उल्लिखित शब्दहरूको विश्लेषण गर्दा प्रस्तुत इलाकामा बोलिने मानक नेपालीका केही शब्दहरू बाहुन तथा क्षेत्रीको जनजिब्रोमा समान रूपले प्रयोग भएका छन् । त्यस्तै कतिपय शब्दहरू नितान्त नवीन खालका पनि देखापर्दछन् । प्रस्तुत शब्दहरूमध्ये अधिकांश शब्द मगर पाङबाटै नेपाली भित्रिएका हुन सक्ने सम्भावना पनि देखिएको छ । माथि उल्लिखित भरेली, सुल्फा, बाधा, सुन्चरी, लोङ्छोरा, भुग्रो, ज्वाङज्वाङ, खर्से, ऐरा, गोसा, सत्तिनु जस्ता शब्द मगर पाङकै हुन सक्ने पर्याप्त आधार छन् । तत् क्षेत्रका स्थानीय स्थानका नाम भने मगर पाङबाटै राखिएको फेला परको छ । धनबाङ, गोठीबाङ, धबाङ, सारीबाङ, मार्सीबाङ, लिबाङ, थबाङ, इरिबाङ, धौलाबाङ आदि शब्द मगरबाटै आएका हुन् । मगर पाङमा बाङको अर्थ चौर भन्ने हो त्यस्तै खुङ्ग्री, भिङ्ग्री, सारी जस्ता स्थानवाची शब्द पनि मगर पाङबाटै आएका हुन् । मगर पाङमा 'रि' को अर्थ पानी भन्ने हो । यसले के देखाउँछ भने मगर पाङ विगतमा मध्यपश्चिमको विराट् क्षेत्रमा बोलिन्थ्यो ।

मगर तथा अन्य जनजाति तथा दलितका जनजिब्रोमा प्रयोग भएका शब्दहरू मानक नेपाली तथा स्थानीय बाहुन, क्षेत्रीको जनजिब्रोमा प्रचलित शब्दभन्दा नितान्त फरक देखापर्दछन् । मानक नेपालीका टवर्गीय 'ट-ठ-ड-ढ' ध्वनिहरू स्थानीय मगर तथा अन्य जातिका जिब्रोमा तवर्गीय 'त-थ-द-ध' ध्वनिमा रूपान्तरण भएका छन् । यस क्षेत्रमा टवर्गीय डाँडो, घोडो आदि शब्दमा आएको 'ड' ध्वनि भने 'र' मा रूपान्तरण भएको देखिन्छ । त्यस्तै तवर्गीय 'त-थ-द-ध' ध्वनिहरू टवर्गीय 'ट-ठ-ड-ढ' ध्वनिमा रूपान्तरण भई वर्ण विपर्यासको स्थिति समेत देखापरेको छ ।

माथि मगर जिब्रोमा प्रयोग भएका शब्दहरूको अध्ययन गर्दा प्रस्तुत इलाकाका मगर जनजिब्रो नेपाली भाषाका 'ट र त' वर्गीय वर्णहरूको प्रयोग वा उच्चारणमा अलि लट्पटिएको छ । यसरी त र ट वर्गीय वर्णको प्रयोगमा मगर जिब्रो लट्पटिनुको एउटा प्रमुख कारण 'मगर पाङ' मा 'ट' वर्गीय वर्ण नहुनु हो । 'मगर पाङ' मा थुकिन्या- ठोक्नु, दुलिन्या-डुल्नु तकरक-टुप्लुक्क, ताक-टाक, ताकुरा-टाकुरो, तादा-टाढा, तिंबर-टिमुर, धलिन्या- ढल्नु, धलैन्या-ढाल्नु, धिलो-ढिलो, दन्दैन्या-डाँड्नु, दुलिन्या-डुल्नु, थेका-ठेको, दास-डाँस, दादु-डाँडु, दोब-डोब, जस्ता नेपाली भाषाको टवर्गीय वर्णको सट्टामा तवर्गीय वर्णको प्रयोग गरिनु मुख्य कारण हो । प्रस्तुत इलाकाका मगरहरू हाल मातृभाषाका रूपमा कतै-कतै 'मगर पाङ' बोले पनि प्रायः अधिक ठाउँमा

नेपाली भाषा नै मातृभाषाका रूपमा बोल्न थालेका छन् । 'मगर पाङ' मातृभाषा भएकाहरू पनि हाल आएर आफ्नो मातृभाषाकै स्तरमा नेपाली भाषालाई पनि प्रयोग गरेका छन् । हाल जहाँ 'मगर पाङ' मातृभाषाका रूपमा बोलिन्न अनि कतिपय इलाकाहरूमा बसोवास गर्ने मगरहरूले आफ्नो मातृभाषा 'मगर पाङ' भुलिसकेका पनि छन् ती इलाकाहरूमा माथि साभारित प्रवृत्तिहरू देखापरेका छन् ।

नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्दै आइरहेका मगरहरूले नेपाली भाषाको मानक उच्चारण फरक ढङ्गले गर्ने गरेको कुरा माथिका सन्दर्भले पुष्टि गर्दछन् । मगरहरूको जनजिब्रोमा रम्दै आएको नेपाली भाषा मानक नेपालीभन्दा नितान्त पृथक् रहेको दृष्टान्त पनि माथिका उदाहरणले प्रमाणित गर्दछन् । यसो हुनुको मुख्य कारण मगर जनजिब्रोबाट आफ्नो मातृभाषा 'मगर पाङ' हराएर गए पनि त्यसले प्रभाव पारेको भाषिक लवज अझै नहराइसकेको भन्ने हो । मगर जिब्रो हाल नेपाली भाषाका 'ट' वर्गीय र 'त' वर्गीय वर्णहरूको उच्चारणमा धेरै लट्पटिएको पाइएको छ । यसरी नेपाली भाषाका 'ट र त' वर्गीय वर्णहरूको उच्चारणमा मगर जिब्रो लट्पटिनुको प्रमुख कारण मगर पाङमा 'ट' वर्गीय वर्ण नहुनु हो । आफ्नो मातृभाषा 'मगर पाङ' मा 'ट' वर्गीय वर्ण नभएकाले नै मगर जिब्रो 'ट' र 'त' वर्गीय वर्णको उच्चारणमा आफ्नो मातृभाषाको भाषिक लवजले गर्दा लटपटिन गई यस खालको प्रवृत्ति देखा परेको हो । यस खालको स्थिति नयाँ भाषाको आत्मसात् गर्दा देखिएको स्वभाविक प्रवृत्ति हो । यस्तो खाले प्रवृत्ति आफ्नो मातृभाषाभन्दा अर्को भाषालाई प्रयोग गर्न थाल्दा प्रायः सबै भाषिक वक्ताहरूमा देखापर्दछ ।

माथि साभारित शब्दहरूको विश्लेषणबाट अन्त्यमा के निचोडमा पुग्न सकिन्छ भने राप्ती अञ्चलका प्यूठान, रोल्पा र दाङ जिल्लामा बसोबास गर्ने बाहुन, क्षेत्री एवं अन्य शिक्षित वर्ग र मगर तथा अन्य जातजातिको जिब्रोमा प्रयुक्त नेपाली सामाजिक भाषिकामा प्रशस्त विभिन्नताहरू छन् । यी इलाकामा बस्ने जातजातिहरूको जनजिब्रोमा नेपाली भाषा समान रूपले प्रयोग भएको छैन भन्ने प्रमाण माथिका सन्दर्भले प्रष्ट पारेका छन् ।

**निष्कर्ष**

खसानी मुख्यतः मध्यपश्चिमाञ्चल विकास क्षेत्रका राप्ती र भेरी अञ्चलका क्रमशः दैलेख, जाजरकोट, सुर्खेत, रोल्पा, रुकुम, दाङ, सल्यान, प्यूठान र त्यस आसपासका क्षेत्रमा बोलिन्छ । यस उपभाषिकामा तत्तत् क्षेत्रमा बोलिने मुख्यतः मगर र थारु भाषाले ठूलो प्रभाव पारेका छन् । रोल्पा, रुकुम, सल्यान र प्यूठान साथै दाङका पहाडी एवं हाल आएर मैदानी भाग (विशेषतः घोराही, लमही, भालुबाङ, तुलसीपुर आदि) मा पनि मगर जातिहरूको बाक्लै बसोबास रहेको छ । उक्त क्षेत्रमा बसोबास गर्ने मगर जातिको मातृभाषा मगर पाङ वा खाम भए पनि हाल आएर आधुनिक पुस्ताले पाङको प्रयोग गर्न छाडिसकेको छ भने अधिकांश मगर समुदायले आफ्नो मातृभाषा मगर पाङ भुलिसकेका पनि छन् । उल्लिखित क्षेत्रका रोल्पा, रुकुम, सल्यान र प्यूठानका विकट भूगोल (मिरुल, गजुल, थबाङ, सेरम, तक, गाम, भाबाङ, जलजला, स्याउलीबाङ आदि) मा बाहेक अन्यत्र मगर जातिको बाक्लो बसोबास रहेका क्षेत्रमा समेत हालमा मगर पाङको प्रयोग गर्न छाडिसकिएको छ । रोल्पाका गोगनपानी, लिबाङ, सुलिचौर, धौलाबाङ, धबाङ, दहवन, होलेरी, सिस्ने, सुर्पालनेटा, नस, प्यूठान जिल्लाका धनबाङ, तामधारा, खाल, बाजम, किमिचौर, कोचिबाङ, गोठिबाङ र दाङ जिल्लाका बोजपोखरा, दुईखोली,

अरमखोला लगायतका क्षेत्रमा मगर जातिको बाक्लो बसोबास रहे पनि उक्त क्षेत्रमा बसोबास गर्ने मगर जातिले आफ्नो मातृभाषा मगर पाङ बिर्सिसकेका छन् र हाल उनीहरूले नेपाली भाषालाई नै आफ्नो मातृभाषाका रूपमा प्रयोग गर्दै आइरहेका छन् । तत्तत् क्षेत्रका मगरहरूले पाङ पूर्णतः बिर्सिसके पनि उनीहरूका जनजिब्रोबाट मगर पाङको भाषिक लवज भने हराउन सकेको छैन र उनीहरूले नेपाली भाषालाई त्यही लबजबाट स्वीकारिरहेका छन् । यसको परिणामाले उनीहरूले प्रयोग गर्ने नेपाली भाषा परम्परादेखि नै प्रयोग गर्दै आइरहेका बाहुन क्षेत्रीको जनजिब्रोभन्दा नितान्त फरक देखापरेको छ । मगर जातिको उक्त भाषिक लबज कतिपय बाहुन क्षेत्रीको कम बसोबास रहेको क्षेत्र उदाहरणका रूपमा रोल्पाको खुङ्ग्री, बडाचौर आदिमा बसोबास गर्ने बाहुन, क्षेत्रीको जनजिब्रोमा समेत प्रवेश गरिसकेको छ भने त्यसबाट उक्त क्षेत्रमा बसोबास गर्ने दलित जातिहरूमा त राम्रो प्रभाव समेत परेको छ र दलितका जनजिब्रोमा प्रयुक्त नेपाली भाषा र मगर जातिमा प्रयुक्त सामाजिक भाषिकामा तात्विक भिन्नता नै छैन । यस अध्ययनबाट के देखिएको छ भने मगर जातिले प्रयोग गर्ने नेपाली भाषामा मगर पाङले पर्याप्त मात्रामा प्रभाव पारेको मात्र नभई उक्त क्षेत्रमा प्रयुक्त नेपाली भाषामा मगर पाङका प्रशस्त शब्दले प्रवेश समेत पाइसकेका छन् यस विषयका सम्बन्धमा नेपाली भाषाविद्बाट गहन अध्ययन हुनुपर्ने आवश्यकता देखिएको छ ।

## सन्दर्भ सूची

अधिकारी, नारायणप्रसाद (२०६५), भाषाविज्ञान, हरिप्रसाद अधिकारी : पोखरा ।
शर्मा, मोहनराज (२०५४), शब्दरचना र वर्णविन्यास, नवीन प्रकाशन : काठमाडौं ।
बुढामगर, कर्णबहादुर (२०६३), नेपाली-मगर पाङ अङ्ग्रेजी शब्दकोश, अथार मगरात मगर भाषा-संस्कृति प्रतिष्ठान : काठमाडौं ।
पुन मगर, टिकाराम (२०५९), सआलिन्या मरु रे पोका, थामासिङ बाठा मगरः रोल्पा ।
बूढा मगर, बमकुमारी (२०५५), पो ओल्जा छेङा, बमकुमारी बुढा : काठमाडौं ।
.........................(२०५५), जीतहार, बमकुमारी बुढा : काठमाडौं ।
पुन, जुक्तिप्रसाद (२०६१), खाम मगर पाङ-नेपाली-अंग्रेजी शब्दकोश, मगर अध्ययन केन्द्र : काठमाडौं ।
राना मगर, सोम (२०५४), लाफा मगर भाषा, लाफा परिवार : काठमाडौं ।
पोखरेल, बालकृष्ण (२०५०), राष्ट्रभाषा, साझा प्रकाशन : काठमाडौं ।
बन्धु, चूडामणि, नेपाली भाषाको उत्पत्ति, साझा प्रकाशन : काठमाडौं ।
गौतम, देवीप्रसाद (२०४९), नेपाली भाषा परिचय, साझा प्रकाशन : काठमाडौं ।
बन्धु, चुडामणि (२०५३), भाषाविज्ञानका सम्प्रदाय, अक्षर सदन : काठमाडौं ।
तिवारी, भोलानाथ (सन् १९९४), भाषाविज्ञान, किताब महल, २२ सरोजनी नापडू मार्ग : इलाहाबाद ।
Molnar, Augusta Maupin (1980)***, Flexibility And option: A study of the Dynamics of Women's Partcipation among the Khammagar of Nepal*** -Unpublished Thesis PHD, Submuited to university of wisconsinmadison U.S.A.

**पत्रपत्रिका सूची**

गेपो (वर्ष १, अंक १, २०६३), अथार मगरात मगर भाषा-संस्कृति विकास प्रतिष्ठान : रोल्पा ।
रोल्पा जिल्ला एक झलक (२०६१), जिल्ला विकास समितिको कार्यालय : लिवाङ रोल्पा ।
रोल्पा जिल्लाको वस्तुगत विवरण (२०६१), जि.वि.सं.को कार्यालय : रोल्पा ।